Regd No: 77/1263/057/058 PAN No: 302275560

iPPAN
नेपालको समृद्धिका लागि ऊर्जा

स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था, नेपाल
Independent Power Producers' Association, Nepal

President
Ganesh Karki

Senior Vice President
Mohan K. Dangi

Vice President
Ananda Chaudhary
Ashish Garg
Bharat B. Khatri
Ram P. Acharya
Uttam Bhlon Lama

General Secretary
Balaram Khatiwada

Deputy General Secretary
Prakash Chandra Dulal

Secretary
Bharat Kumar Khadka
Bharat Nepal
Bikram Bista
Him P. Pathak
Kabita Pokhrel

Treasurer
Narendra Ballav Panth

Member
Bharat P. Parajuli
Bijay Mohan Bhattarai
Isha Shrestha
Kuber Mani Nepal
Mithun C. P. Paudel
Shankar Bashyal
Suman Joshi
Susan Karmacharya
T N Acharya
Uttar K. Shrestha

Associate Member
Shailendra Guragain

IPP & Chief Advisor
Krishna P. Acharya

च न १६४ (०८१/८२) मिति : २०८२/०२/२१

सम्माननीय प्रधानमन्त्री श्री केपी शर्मा ओलीज्यू
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं ।

स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था, नेपाल २०५७ iPPAN 2001 Independent Power Producers' Association, Nepal

**विषय : रन अफ दिन रिभरको टेक एण्ड पे पीपीए व्यवस्था हटाईदिने सम्बन्धमा**

सम्मननीय प्रधानमन्त्रीज्यू

स्वतन्त्र ऊर्जा उत्पादकहरुको संस्था, नेपाल (इप्पान) ऊर्जा उत्पादनमा सक्रिय उद्यमी व्यवसायीहरुको छाता संगठन हो । ऊर्जा उद्यमीका समस्याको पहिचान गर्ने र त्यसको समाधानका लागि नीति निर्माता, प्रशासक एवं नियामक निकायसँग पहल गर्ने इप्पानको मुख्य उद्देश्य हो । आजभन्दा २५ वर्ष अघि स्थापना भएको इप्पानमा ५०० भन्दा धेरै ऊर्जा उत्पादक कम्पनीहरु सदस्य रहेका छन् । देशको विद्युत उत्पादन क्षमता ३६०० मेगावाटा पुग्दा निजी क्षेत्रको सहभागितामा निर्माण भएको आयोजनाको क्षमता मात्रै २९०० मेगावाट पुगेको सम्मननीय प्रधानमन्त्रीज्यूलाई अगवतनै छ । यसैगरी निजी क्षेत्रको नेतृत्वमा ४ हजार मेगावाटका आयोजना पनि निर्माणाधीन छन् भने २५ हजार मेगावाटका आयोजना निर्माणका विभिन्न चरणमा छन् । १५ खर्बभन्दा बढी लगानी गरिसकेको निजी क्षेत्रले ऊर्जा आयोजनामा ठूलो लगानी गर्ने लक्ष्यसहित अघि बढेको छ । तर, २०८२ साल जेठ १५ गते सार्वजनिक आगामी आर्थिक बर्ष २०८२/०८३ को बजेटमा विद्युत उत्पादन र खपतबीच सन्तुलन गर्ने गरी विद्युत खरिद सम्झौता (पीपीए) गर्ने नीति अबलम्बन गरिने र रन अफ दि रिभर (आरओआर) आयोजनाको टेक एन्ड पे को आधारमा पीपीए गरिने उल्लेख गरेपछि इप्पानको गम्भीर ध्यानाकर्षण भएको छ ।

टेक एण्ड पे पीपीए गर्दा बैंक तथा वित्तिय संस्थाहरुले ऋण नदिने स्पष्ट हुँदा हुँदै नेपाल सरकारले बजेटमै यस्तो व्यवस्था गरिनुलाई ऊर्जा उत्पादनमा सक्रिय निजी क्षेत्रले सरकारनै लगानीकर्ताहरुलाई हतोत्साहित र निरुत्साहित गर्नेतर्फ अग्रसर भएको देखिएको छ । विद्युत खरिद गर्ने एक मात्र निकायको रुपमा नेपाल विद्युत प्राधिकरण रहेको तथा निजी क्षेत्रले पटक पटक माग्दा पनि व्यापार अनुमति नदिईरहेको बेला बजेटमा आएको आरओआरको टेक एण्ड पे पीपीए घोषणापछि १७११७ मेगावाटका आयोजनाको भविष्य अन्धकारतर्फ धकेलिएको छ भने यी आयोजनाका लागि निजी क्षेत्रले खर्च गरिसकेको ६६ अर्ब २२ करोड रुपैयाँ डुब्ने अवस्थामा पुगेको छ । निर्माण अनुमति लिएर पीपीएका लागि पर्खीरहेका र हालसम्म ३५ अर्ब ३९ करोड रुपैयाँ खर्चसमेत गरिसकेका २०७८ मेगावाट तथा निर्माण अनुमतिपत्रका लागि आवेदन दिएर पीपीए कुरिरहेका र हालसम्म २५ अर्ब ७४ करोड रुपैयाँसमेत खर्च गरिसकेका ६४३६ मेगावाटका आयोजनाको भविष्य अन्योलग्रस्त बनेको छ । यसैगरी ५ अर्ब रुपैयाँ खर्च गरिसकेका ५०७९ मेगावाट तथा सर्भेका लागि आवेदन दिईसकेका ३५२१ मेगावाटका आयोजनाको निर्माण पनि यसले प्रत्यक्ष प्रभाव पार्ने निश्चित छ ।

iPPAN
नेपालको समृद्धिका लागि ऊर्जा

Regd No: 77/1263/057/058 PAN No: 302275560

स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था, नेपाल
Independent Power Producers' Association, Nepal

President
Ganesh Karki

Senior Vice President
Mohan K. Dangi

Vice President
Ananda Chaudhary
Ashish Garg
Bharat B. Khatri
Ram P. Acharya
Uttam Bhlon Lama

General Secretary
Balaram Khatiwada

Deputy General Secretary
Prakash Chandra Dulal

Secretary
Bharat Kumar Khadka
Bharat Nepal
Bikram Bista
Him P. Pathak
Kabita Pokhrel

Treasurer
Narendra Ballav Panth

Member
Bharat P. Parajuli
Bijay Mohan Bhattarai
Isha Shrestha
Kuber Mani Nepal
Mithun C. P. Paudel
Shankar Bashyal
Suman Joshi
Susan Karmacharya
T N Acharya
Uttar K. Shrestha

Associate Member
Shailendra Guragain

IPP & Chief Advisor
Krishna P. Acharya

नेपाल सरकारले बजेटमा ल्याएको टेक एण्ड पे मा मात्र पीपीए गर्ने व्यवस्था सरकार स्वयंले ल्याएको २८५०० मेगावाट उत्पादन पुऱ्याउने लक्ष्यसहितको ऊर्जा विकास मार्गचित्र, २०८१ को विरुद्ध छ भने यो विद्युत ऐन, २०४९, जलविद्युत नीति २०५८, जलस्रोत नीति र ऐनको बर्खिलापमा छ। यस्तै यो घोषणाले राष्ट्रिय योजना आयोगको १६ औ पञ्चवर्षीय योजनाको लक्ष्य हासिल गर्नका लागि समेत ठूलो बाधक बन्ने निश्चित छ। यसले विदेशी लगानीकर्ताहरुलाई भित्राउने तथा छिमेकी मुलुक भारतलाई १० हजार मेगावाट विद्युत निर्यात गर्ने लगायतका सबै उद्देश्य र लक्ष्य हासिलका लागि पनि बाटो बन्द गरिदिएको छ। एकातिर बजेटमा निजी क्षेत्रलाई प्रवर्द्धन गर्ने भन्ने अर्को तिर निजी क्षेत्रले लगानी गर्न नसक्ने वातावरण बनाउने कुरा निजी क्षेत्रका सामु नेपाल सरकारका प्रधानमन्त्रीदेखि मन्त्री र उच्च कर्मचारीहरुले विभिन्न सार्वजनिक फोरमहरुमा गरेको प्रतिवद्धता विपरित छ। यसले ऊर्जा विकासमार्फत मुलुकको समृद्धि हासिल गर्ने योजनामा समेत बजेटको यो घोषणाले पूर्ण वेवास्ता गरेको छ। हालसम्म १५ खर्बभन्दा बढी लगानी गरिसकेको र अब ३० खर्बभन्दा बढी लगानी गर्नका लागि तम्सिएको निजी क्षेत्रलाई यस्तो घोषणाले पूर्ण निराशावादी बनाएको छ।

ऊर्जा, जलस्रोत तथा सिञ्चाई मन्त्रालय अर्न्तगतको विद्युत विकास विभागले निजी क्षेत्रलाई अनुमतिपत्र दिने तर निजी क्षेत्रले ठूलो राजस्व बुझाएर अनुमतिपत्र लिएका आयोजनाहरुको टेक एण्ड पे मा मात्र पीपीए गर्छु भन्ने घोषणा गर्नु निजी क्षेत्रलाई समाप्त पार्ने नेपाल सरकारको गैरजिम्मेवार कदमको रुपमा हामीले लिएका छौ। बैक तथा वित्तिय संस्थाहरुले टेक एण्ड पे को पीपीएमा वित्तिय व्यवस्थापन नगर्ने स्पष्ट हुँदा हुँदै ऊर्जा क्षेत्रलाई समाप्त पार्ने गरी सार्वजनिक गरिएको घोषणा फिर्ता लिन र सबै आयोजनाको टेक अर पे को आधारमा पीपीए गर्ने व्यवस्था गर्न हार्दिक अनुरोध गर्दछौ। साथै कि निजी क्षेत्रलाई तत्काल विद्युत व्यापारको ढोका खोलेर निजी क्षेत्रले आन्तरिक तथा बाह्य देशमा पनि सिधै विद्युत व्यापार गर्न दिन व्यवस्था गर्न वा यो तत्काल सम्भव नभए निर्वाद रुपमा टेक अर पे प्रावधानमा पीपीएको वातावरण बनाउन पनि हार्दिक अनुरोध गर्दछौं। बजेटमा सार्वजनिक गरिएको टेक एण्ड पे पीपीएको घोषणालाई सुधार गरेर यथाशिघ्र टेक अर पे पीपीए गर्ने व्यवस्था नगरेमा इप्पान कडाभन्दा कडा कदम चाल्न बाध्य हुने जानकारी समेत गराउन चाहान्छौ।

धन्यवाद।

भवदीय,

गणेश कार्की
अध्यक्ष